# आमाछोदिङमो गाँउपालिकाको
# गाँउ कार्यपालिकाको कार्यलय

गोल्जुङबेंशी ,रसुवा
बागमती ,प्रदेश

आमाछोदिङमो गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गोल्जुङवेशी, रसुवा
बागमती प्रदेश, नेपाल

पत्र संख्याः २०८१/०८२
चलानी नं.:

मिति : २०८२/०१/२२

सूचना ! सूचना !! सूचना !!!

**राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत जिविकोपार्जन सुधार कार्यक्रमको लागी प्रस्ताव आव्हान सम्बन्धि सुचना**

नेपाल सरकार महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको आ.ब २०८१/०८२ को बार्षिक स्विकृत कार्यक्रम अनुसार राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत जीविकोपार्जन सुधार कार्यक्रम मार्फत मानब बिकास सुचाङ्क पछाडी परेका जिल्लाका विपन्न र एकल महिलालाई सीप क्षमता र योग्यताको आधारमा रोजगारीको प्रथामिकता दिन, आर्थिक तथा सामाजिक अवसर र लाभ प्रधान गर्न साथै महिलाको उत्थान, सशक्तीकरण गरी राष्ट्रिय विकासमा मुलप्रवाहीकरण गर्नका सक्षम तथा स्वाबलम्बी बनाउने उदेश्यका साथ आमाछोदिङमो गाउँपालिकाबाट आयमुलक सम्बन्धी कार्यक्रम संचालन गरिने हुदाँ उक्त कार्यक्रम संचालन गर्न इच्छुक संस्थाहरुले सम्बन्धित कार्यक्रमको अबधारणन पत्र र ब्यबसायिक योजना सहित प्रस्ताव सुचना प्रकाशित मितिले १५ दिन भित्रमा आमाछोदिङमो गाउँपालिकाको महिला बिकास शाखामा प्रस्ताव पेश गर्नु हुन यो सुचना प्रकाशन गरिएको व्यहोरा सम्बन्धित सबैमा सुचित गरिन्छ ।

**प्रस्तावका साथमा देहायका कागजातहरु संलग्न गर्नुपर्नेछ :**

- संस्थाको विधान, परिचय, उदेश्य, कार्य संञ्चालन प्रक्रिया, भौतिक तथा वित्तीय स्रोत सम्बन्धि विवरण,
- संस्थाको विधान, परिचय, उदेश्य, कार्य संञ्चालन प्रक्रिया, भौतिक तथा वित्तीय स्रोत सम्बन्धि विवरण,
- प्रस्तावित व्यवसायको अवधारणपत्र, व्यवसायको क्षेत्र, तालिम अवधि र स्रोत परिचालन सहितको व्यावसायिक योजनाको विवरण,
- प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी,
- अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी,
- अघिल्लो आर्थिक वर्षको लेखा परिक्षण प्रतिलिपी,
- प्रस्तावित कार्यक्रममा संस्थाको योगदानको अंश, अन्य निकायबाट प्राप्त हुने सम्भाव्य सहयोग वा साझेदारीको स्रोत सहितको यथार्थ विवरण,
- कालोसूचीमा नपरेको र प्रचलित कानून बमोजिम अयोग्य नरहेको स्वःघोषणा,
- प्रस्ताव दर्ता गर्दा संस्थाले विपन्न र एकल महिलाको आर्थिक उत्थान तथा सशक्तीकरण हुने गरी व्यावसायिक सम्भाव्यता समेत उल्लेख गरी सोको कार्यान्वयन कार्ययोजना समितिको प्रस्ताव पेश गर्नुपर्नेछ

२०८२/१/२२

..................
ऋषिकेश अधिकारी
नि. प्रमुख प्रशासकीय अधिकृत

निमित्त प्रमुख प्रशासकीय अधिकृत